081-5■151, 520338, 520316
टोलफ्री नं : 16608152052
फ्याक्स नं : 081-520240
इमेल: nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद महाशाखा

नेपालगञ्ज, बाँके लुम्बिनी प्रदेश ।

पत्र संख्याः २०८१।०८२

चलानी नं. ५४३

मितिः२०८१।१२।३१

विषय : शुल्क तथा छात्रवृत्ति विवरण पेश गर्ने सम्वन्धमा ।

श्री सम्पूर्ण संस्थागत विद्यालयहरु
नेपालगन्ज उप महानगरपालिका , बाँके ।

प्रस्तुत विषय सम्वन्धमा नगर शिक्षा समितिको मिति २०८१।१२।३१ गतेको बैठकको निर्णय अनुसार यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुको लागि शै.स.२०८२ मा विद्यालय वर्गीकरण अनुसार क,ख,ग श्रेणीका विद्यालयहरुले लिन पाउने शुल्क सम्वन्धमा आधारभूत तह र माध्यमिक तहसम्म अधिकतम शुल्कको विवरण यसै साथ संलग्न छ । सोही वमोजिम नगर शिक्षा समितिले निर्धारण गरेको आधारभूत र माध्यमिक तहको अधिकतम शुल्कमा नवढ्ने गरी कक्षागत रुपमा मासिक शुल्क फरक हुने गरी शुल्क निर्धारण गर्ने र सो को विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्ने तथा सो सम्वन्धी विवरण शिक्षा,युवा तथा खेलकुद महाशाखामा अनिवार्य रुपमा पेश गर्नको लागि अनुरोध छ । साथै संस्थागत विद्यालयहरुले गरिव,विपन्न , लक्षित वर्ग र जेहेन्दार विद्यार्थीहरुलाई नियमानुसार नि : शुल्क छात्रवृत्ति उपलव्ध गर्ने र निः शुल्क छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण र शुल्क सम्वन्धी विवरण बैशाख मसान्तसम्म शिक्षा,युवा तथा खेलकुद महाशाखामा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)

बोधार्थ :
श्री सूचना प्रविधि शाखा (सूचना अपलोड गर्नु हुन )
श्री नगर प्यावसन नेपालगन्ज,बाँके ।
श्री नगर एन प्यावसन नेपालगन्ज , बाँके ।

# नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित संस्थागत विद्यालयहरुको शुल्क सम्वन्धी मापदण्ड

**यस नेपालगन्ज उप महानगरपालिका अन्तर्गत सन्चालित संस्थागत विद्यालयहरुले लिन पाउने शुल्क तपसिल वमोजिम गर्ने निर्णय गरियो ।**

१) संस्थागत विद्यालयहरुको मासिक शुल्क विद्यालय वर्गीकरण अनुसार तपसिल वमोजिम निर्धारण गरिएकोले सोही वमोजिमको आधारमा नवढ्ने गरी मात्र लिने । आ.वि.र मा.वि.मा अधिकतम शुल्कमा नवढ्ने गरी कक्षागत रुपमा फरक पर्ने गरी निर्धारण गरी सूचना पाटीमा टाँस गर्ने ।

| क.स. | वर्ग | आधारभूत तह | | माध्यमिक तह | |
|---|---|---|---|---|---|
| | | न्युनतम | अधिकतम | न्युनतम | अधिकतम |
| १ | ग | – | ३००० | – | ३७५० |
| २ | ख | – | ३७५० | – | ४६०० |
| ३ | क | – | ४५०० | – | ५५०० |

२) संस्थागत विद्यालयहरुले नयाँ विद्यार्थी भर्ना हुने विद्यार्थीबाट मात्र १ महिनाको शुल्क वरावर सम्ममात्र भर्ना शुल्क लिने , आफ्नै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट माथिल्लो कक्षामा भर्ना गरेवापत भर्ना शुल्क लिन नपाउने ।

३) संस्थागत विद्यालयहरुले विद्यार्थीहरुबाट मासिक २ महिनाको शुल्क नवढ्ने गरी वार्षिक शुल्क(Annual fee) लिन पाउने ।

४) संस्थागत विद्यालयहरुले विद्यार्थीहरुबाट टाइ,वेल्ड वापतको रकम नलिने र टाई वेल्ड अन्य सेवा प्रदायक निकायबाट व्यवस्था गर्ने ।

५) संस्थागत विद्यालयहरुले विद्यार्थीहरुलाई उपलब्ध गराउने परिचय पत्र वापत अधिकतम रु २५०(रु दुई सय पचास) सम्म मात्र लिन पाउने ।

६) संस्थागत विद्यालयहरुले खेलकुद सम्वन्धमा खेलकुदका विशेष प्रशिक्षण गर्ने भएमा मात्र अभिभावकहरुसंगको सर सल्लाहबाट मात्र सो वापतको शुल्क लिन सक्ने , अन्यथा मासिक रुपमा शुल्क नलिने ।

७) संस्थागत विद्यालयहरुमा विद्यार्थीहरुको कक्षाकोठामा ए.सि.(A C )जडान भएको र विद्यार्थीहरुले ए.सि.(A C )प्रयोग गरेको खण्डमा मात्र अधिकतम रु ३०० (तिन सय) सम्म मात्र लिन सक्ने ।

८) संस्थागत विद्यालयहरुमा विद्यार्थीहरुले कम्प्युटर प्रयोग गरेको खण्डमा मात्र अधिकतम रु ८०० (रु आठ सय) सम्म मात्र लिन सक्ने ।

९) संस्थागत विद्यालयहरुले विद्यार्थीहरुलाई चारित्रिक प्रमाण पत्र र टार्न्सफर प्रमाण पत्र (TC, CC) वापत आधारभूत तहको हकमा अधिकतम रु १,०००(रु एक हजार ) र मा.वि.को हकमा अधिकतम रु २०००(रु दुई हजार मात्र) लिन पाउने ।

१०) संस्थागत विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरु मध्ये कम्तीमा १० प्रतिशत विद्यार्थीहरुलाई उपलब्ध गराउनु पर्ने छात्रवृत्ति उपलब्ध गराउने र सोको विवरण विद्यार्थीको फोटो सहित विद्यालयको सूचना पाटीमा टाँस गर्ने र सोको विवरण शिक्षा,युवा तथा खेलकुद महाशाखामा पेश गर्ने ।

११) संस्थागत विद्यालयहरुले धरौटीको नाममा कुनै पनि रकम लिन पाउने छैन ।

यसर्थ : माथि उल्लेख गरिएको सिमा भित्र रहेर संस्थागत विद्यालयहरुले विद्यार्थीहरुबाट शुल्क लिन सक्नेछन । माथि उल्लेख गरिएको वाहेक अन्य शीर्षक र तोकिएको शुल्क सिमा भन्दा वढी शुल्क लिइएको पाइएमा त्यस्ता विद्यालयलाई रु ५०,०००(रु पचास हजार सम्म) जरिवाना गर्ने ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके नेपालगंज, नेपाल

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)